# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, भदौ २१ गते २०६१ साल (अतिरिक्ताङ्क २४ (क+१)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी २०६१ साल भदौ १६ गते बुधबारका दिन काठमाडौं उपत्यका लगायत अधिराज्यका विभिन्न ठाउँमा भएका बिध्वंश र तोडफोड कार्यको छानबिन गरी दोषीहरू उपर कारवाहीको सिफारिश सहितको प्रतिवेदन पेश गर्न देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहेको एक जाँचबुझ आयोग गठन गरी आयोगको कार्यक्षेत्र तथा कार्यविधि देहायबमोजिम तोकेकोले सोही ऐनको दफा ३ को उपदफा (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

(१) आयोगको गठनः आयोगमा देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरू रहने छन्:–

(१) श्री टोपबहादुर सिंह, भूतपूर्व न्यायाधीश, सर्वोच्च अदालत - अध्यक्ष

(२) श्री नरेन्द्रप्रसाद पाठक, नायब महान्यायाधिवक्ता, नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय - सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) डा. गोविन्दप्रसाद थापा, प्रहरी अतिरिक्त महानिरीक्षक,प्रहरी प्रधान कार्यालय - सदस्य

(४) श्री श्रीपुरुष ढकाल, अतिरिक्त प्रमुख अधिकृत, राष्ट्रिय अनुसन्धान विभाग - सदस्य

(५) श्री प्रकाशमान सिंह राउत - सदस्य

(६) श्री हरिप्रसाद उप्रेती - सदस्य

(७) श्री सुशील जङ्गबहादुर राणा, सह-सचिव, गृह मन्त्रालय - सदस्य-सचिव

(२) कार्यक्षेत्रः आयोगको कार्यक्षेत्र देहायबमोजिम हुनेछः-

(१) विध्वंशात्मक एवं तोडफोड कार्यको विस्तृत छानबिन गर्ने,

(२) विध्वंश र तोडफोडमा संलग्न व्यक्ति, समूह वा संस्था पहिचान गर्ने,

(३) दोषीहरू उपर कारवाहीको सिफारिश गर्ने,

(४) क्षतिको विवरण एकिन गर्ने,

(५) राहतको आवश्यकता परिमाण गरी सिफारिश गर्ने ।

(३) कार्यविधिः

आयोगको कार्यविधि कार्य प्रारम्भ गरेको मितिले एक महिनाको हुनेछ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।